मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ ९ गते शुक्रबार ❑ 23 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकीमा महिलाको उम्मेदवारी कम

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

गण्डकी प्रदेशमा आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा महिलाको उम्मेदवारी कम परेको छ।

हिमाल पारीका जिल्ला मनाङ, मुस्ताङदेखि नवलपुरसम्म ११ वटा जिल्लामा फैलिएको गण्डकी प्रदेशमा १८ वटा निर्वाचन क्षेत्र कायम गरिएको छ । प्रदेशभित्रका निर्वाचन क्षेत्रअन्तर्गत कास्कीका तीनवटा क्षेत्रमध्ये क्षेत्र नं १ मा १७ जनाको उम्मेदवारी परेकामा एक जना मात्रै महिला उम्मेदवार हुनुहुन्छ । क्षेत्र नं २ मा १७ जना उम्मेदवारमा एक जना महिला र क्षेत्र नं ३ मा १५ जना उम्मेदवारमध्ये तीन जना महिलाको मात्रै उम्मेदवारी परेको छ। दुई वटा निर्वाचन क्षेत्र भएका जिल्लामध्ये स्याङ्जा क्षेत्र नं १ र २ मा क्रमशः १३ र १५ जनाको उम्मेदवारी परेकामा दुवै क्षेत्रमा एक जना महिलाको पनि उम्मेदवारी परेको छैन । नवलपुर(बर्दाघाट सुस्ता पूर्व)को क्षेत्र नं १ र २ मा १८/१८ जनाको उम्मेदवारी परेकामा क्रमशः दुई र पाँच जना महिलाको उम्मेदवारी परेको छ। गोरखाको निर्वाचन क्षेत्र नं १ मा १३ र २ मा १४ जनाको उम्मेदवारी परेकामा क्रमशः दुई र एक जना महिलाको मात्रै उम्मेदवारी परेको छ । तनहुँको निर्वाचन क्षेत्र नं १ मा १६ र २ मा १२ जनाको उम्मेदवारी परेकामा क्रमशः तीन र एक जना महिलाको उम्मेदवारी परेको छ भने बागलुङको क्षेत्र नं १ मा १० र २ मा १२ जनामध्ये एक/एकजना महिलाको उम्मेदवारी परेको छ । एक/एक निर्वाचन क्षेत्र भएका जिल्लाहरूमा पर्वतमा १७ जनामध्ये सातजना महिलाको उम्मेदवारी परेको छ भने म्याग्दीमा १३ जनाको उम्मेदवारी परेकामा एकजना पनि महिलाको उम्मेदवारी परेको छैन।

लमजुङमा १२ जनाको उम्मेदवारी परेमा एक जना महिला हुनुहुन्छ भने मनाङमा पाँच जनाको उम्मेदवारी परेमा एकजना महिलाको उम्मेदवारी छ । मुस्ताङमा आठ जनाको उम्मेदवारी परेकामा एक जना महिलाको उम्मेदवारी परेको छ। म्याग्दीमा १३ जनाको उम्मेदवारी परेकामा एक जना पनि महिला उम्मेदवार छैनन्।

## एकैथलोमा ३५० रैथाने कृषि प्रजातिको प्रदर्शन

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ




पोखरा महानगरपालिका-३१ सुन्दरीडाँडामा सम्पन्न पोखरा महानगरस्तरीय कृषि जैविक विविधता मेलामा पोखरा क्षेत्रमा पाइने ३५० किसिमका रैथाने कृषि प्रजातिको प्रदर्शन गरिएको छ।

पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा र कृषि विकास शाखाको आयोजना एवं पोखरा महानगरपालिका-३१, वडा स्तरीय कृषि सञ्जाल, लिबर्ड र जैविक स्रोत संरक्षण अभियानको सहकार्यमा जैविक विविधता प्रदर्शनी गरिएको हो । उत्पादक र उपभोक्तासँगै सरोकारवालाको उपस्थितिमा गरिएको प्रदर्शनीमा पोखरा महानगरका २३ वटा वडा सहभागी बनेको कृषि विकास शाखाका प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो । स्थानीय रैथाने प्रजातिका बालीको संरक्षण आवश्यक रहेको बताउँदै उहाँले त्यसको संरक्षणका लागि सचेतना जगाउनका लागि पनि मेला आयोजना गरिएको उहाँले बताउनुभयो।

मेलामा १०० भन्दा बढी जडिबुटी, ६५ थरी धान, रैथाने मसाल बाली, कोशे बाली आदिका प्रजातिहरू प्रदर्शनमा राखेका थिए।

## उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिँदै

**रासस**
काठमाडौं, ८ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मनोनयन पत्र दर्ता गरेका उम्मेदवारमाथि परेका उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशन गरिने निर्वाचन कार्यक्रम रहेको छ।

माघ ९ गते शुक्रबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ। माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ। त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ। शुक्रबार ७७ मुख्य निर्वाचन अधिकृतको कार्यालय र ८८ निर्वाचन अधिकृतको कार्यालयमा तीन वटा कार्यक्रम तय गरिएको जानकारी पनि उहाँले गराउनुभयो। देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयबाट आयोगमा प्राप्त जानकारी अनुसार पुरुष ३०८९, महिला ३९६ र तेस्रो लिङ्गी १ गरी तीन हजार ४८७ को उम्मेद्वारी दर्ता भएको छ। यीमध्ये चार जिल्लाका पाँच उम्मेदवारमाथि उजुरी परेको पनि सहायक प्रवक्ता जिसीले सुनाउनुभयो । सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं २ का एक, रौतहट जिल्ला क्षेत्र नं १ का एक, भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं २ का दुई र कैलाली जिल्ला निर्वाचन क्षेत्र नं १ का एक उम्मेदवारविरुद्ध उजुरी दर्ता भएको छ। यी उजुरीमाथि अहिले सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा जाँचबुझ भइरहेको छ।

## मुस्ताङमा उम्मेदवारविरुद्ध कसैको परेन उजुरी

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ माघ

मुस्ताङमा कुनै पनि राजनीतिक दलका उम्मेदवारविरुद्ध कसैको उजुरी नपरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

एक मात्रै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको मुस्ताङमा मङ्गलबार उम्मेदवारी मनोनयनपत्र दर्ता गराएकामध्ये कुसैको पनि उजुरी परेको छैन।

आगामी फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनका लागि मङ्गलबार देशैभर उम्मेदवार मनोनयन दर्ता कार्यक्रम भएको थियो । बुधबार बिहान १० :०० बजेदेखि दिउँसो ३:०० बजेसम्म मनोनयनपत्र दर्ता गरेका उम्मेदवारविरुद्ध उजुरी दिने समय तालिका तोकिएकामा उक्त अवधिभर कसैको पनि उजुरी नपरेको मुख्य निर्वाचन अधिकृत विद्याराज पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचनका लागि मुस्ताङमा आठ राजनीतिक दलले उम्मेदवारी दर्ता गराएका हुन्।

नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कांग्रेस, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), उज्यालो नेपाल पार्टी, मङ्गोल नेसनल अर्गानाइजेसन र आम जनता पाटी (आजपा)ले उम्मेदवारी दर्ता गराएका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि मुस्ताङका पाँच स्थानीय तहमा गरी ३९ वटा मतदान केन्द्र तोकिएको छ। यहाँ मतदाता नामावली अद्यावधिक हुँदा ११ हजार ३२८ जना मतदाता कायम भएका छन्।

## तनहुँका आठ मतदान केन्द्र अतिसंवेदनशील

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा आठ वटा मतदान केन्द्र अति संवेदनशील सूचीमा राखिएको छ।

जिल्ला सुरक्षा समितिले निर्माण गरेको निर्वाचन केन्द्रित एकीकृत सुरक्षा योजनाअनुसार अति संवेदनशील मतदान केन्द्र निर्धारण गरिएको प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउने हाम्रो मुख्य लक्ष्य हो । त्यसका लागि अति संवेदनशील केन्द्रहरूमा विशेष सुरक्षा व्यवस्था लागू गरिनेछ ।" जिल्लाका १० स्थानीय तहमा ३०९ मतदान केन्द्र छन् । जिल्लामा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएका छन्।

## दुर्घटनामा ज्यान गुमाएका घिमिरे परिवारलाई दोनोस्ती समाजको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

स्पेनमा पाँच महिना अघि भएको सडक दुर्घटनामा परि दिवंगत भएका भोजपुर निवासी स्व.पदम घिमिरेको परिवारको सहयोगका लागि नेपाली समाज दोनोस्ती पाइसभास्कोको पहलमा संकलन गरिएको आर्थिक सहयोग रकम सहयोग गरिएको छ।

सन् २०२५ अगस्ट २६ तारिख स्पेनको आलबाथेते क्षेत्रमा भएको सडक दुर्घटनामा परि पदम घिमिरेको निधन भएपछि उहाँको परिवार आर्थिक रूपमा निकै कठिन अवस्थामा पुगेको छ। यही अवस्थालाई मध्यनजर गर्दै दोनोस्ती समाजले आर्थिक संकलन अभियान सञ्चालन गरेको थियो। संकलित रकममध्ये नेपाली रुपैयाँ १ लाख ४ हजार ४५ रुपैयाँ स्व. घिमिरेकी आमा टिका (सिता) कुमारी घिमिरेको नाममा समाजका अध्यक्ष अशोक रुम्बा लामाले बैंक खातामार्फत जम्मा गरिदिनु भएको हो।

सहयोग प्राप्त गरेपछि पदमकी आमा सिता कुमारी घिमिरेले नेपाली समाज दोनोस्ती परिवारप्रति विशेष धन्यवाद व्यक्त गर्दै सहयोग अभियानमा जुट्ने सबैप्रति आशीर्वाद प्रकट गर्नुभयो। "सात समुद्रपारि रहे पनि नेपालीको दुःखमा यसरी साथ दिनु अत्यन्तै उदाहरणीय कार्य हो," उहाँले भावुक हुँदै भन्नुभयो। उहाँका अनुसार पदम घिमिरेका पिता विगत एक दशकदेखि बिरामी हुनुहुन्छ। पछिल्ला चार वर्षयता उहाँको स्वास्थ्य अवस्था झनै जटिल बन्दै गएको र हाल अक्सिजनको सहायतामा घरमै उपचार तथा स्याहार आवश्यक रहेको छ । समय-समयमा चिकित्सक घरमै पुगेर उपचार गर्दै आउनु भएको छ। दुई छोरामध्ये एकलाई विदेशमै गुमाउनु परे पनि अर्को छोराको साथमा यस्तै सहयोगी हातबाट श्रीमानको औषधोपचार भइरहेको उहाँले बताउनुभयो । नेपाली समाज दोनोस्ती पाइसभास्कोका अध्यक्ष अशोक रुम्बा लामाले विदेशमा बसेर नेपालीहरूले दिनको ८-१० घण्टा श्रम गरेर आर्जन गरेको आम्दानीको केही अंश नेपालमा दुःखमा परेका नेपाली परिवारलाई सहयोग गर्नु नै आफ्नो कर्तव्य भएको बताउनुभयो। "यस्ता मानवीय अभियानले समाजमा एकता र सहानुभूतिको भावना अझ बलियो बनाउँछ," उहाँले भन्नुभयो। उक्त सहयोग संकलन अभियानमा जुट्नुहुने प्रति अध्यक्ष लामाले धन्यवाद सहित हार्दिक आभार व्यक्त गर्नुभयो।

सडक दुर्घटनामा अकालमै ज्यान गुमाएका पदम घिमिरेको परिवारलाई दोनोस्ती समाजबाट गरिएको यो सहयोगलाई मानवीय संवेदनशीलता र प्रवासी नेपालीको सामाजिक उत्तरदायित्वको उदाहरणीय कार्यका रूपमा लिइएको छ।

आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।

- आगो तथा हीटर नजिकबाट नतापौं।
- कागज, कपडाजस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरनजिक नराखौं।
- कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटरनजिक एक्लै नछोडौं।
- घर तथा कार्यालयमा अग्निनियन्त्रक उपकरण राखौं।
- आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# एनसेल छैटौं टाइगर कप भलिबल शुक्रबारदेखि सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

पोखरामा शुक्रबारदेखि छैटौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप भलिबल प्रतियोगिता २०८२ सुरु हुने भएको छ।

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा शुक्रबार देखि सुरु हुने उक्त प्रतियोगिताको तयारी पूरा भएको आज (विहिबार) पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । शुक्रबार दिउँसो २:०० बजे पछि पुरुष तर्फको गण्डकी भलिवल संघ बिरुद्ध शसस्त्र प्रहरी वलको एपिएफ क्लव बिच खेल हुने भएको छ। बिहीबार महिला तर्फ विहान ९:०० बजे टिपटप न्यू डायमण्ड स्पोर्ट्र्स क्लब र विभागिय टोली त्रिभुवन आर्मी क्लव बिचको खेल हुने भएको आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायणप्रसाद शर्माले बताउनु भयो । विहिबार पुरुष तर्फ त्रिभुवन आर्मी क्लव बिरुद्ध पाहुना टोली माल्दिप्सको राष्ट्रिय टोलीसंग प्रतिष्प्रर्धा हुने भएको छ। यही माघ १७ गतेसम्म संचालन हुने प्रतियोगितामा विदेशी सहित महिला तर्फ ५ र पुरुष तर्फ भने ६ टिमको सहभागिता हुने भएको छ । प्रतियोगितामा महिला तर्फ तीन विभागिय एपिएफ, पुलिस, आर्मी सहभागि हुने भएकाछन भने डायमण्ड र थाइल्याण्ड क्यूविकन्सको समुह गरी ५ टिम सहभागि हुने भएको संस्थाका सचिव डिबी नेपालीले बताउनु भयो । त्यसै गरी पुरुष तर्फ माल्दिप्स सहित तीन विभागिय एपिएफ, पुलिस, आर्मी, गण्डकी प्रदेश भलिवल संघ र पर्वत जिल्ला भलिवल संघ सहभागि हुने भएका हुन् । महिला तर्फ एभरेष्ट भलिवल क्लव सहभागि हुने तयारी गरी पनि प्राविधिक कारणले गर्दा अन्तिम समयमा प्रतियोगितामा सहभागि नभएको अध्यक्ष शर्माले जनाउनु भयो।




प्रतियोगिताका संयोजक कुमार गुरुङका अनुसार प्रतियोगिता राउन्ड रोबिन लिग प्रणालीमा सञ्चालन हुनेछ, जसअन्तर्गत सबै टोलीले एक-आपसमा खेल्नेछन् । लिग चरणपछि शीर्ष स्थानमा रहने टोलीहरूबीच प्लेअफ खेलमार्फत विजेता, उपविजेता र तेस्रो स्थान निर्धारण गरिनेछ ।प्रतियोगिताबाट प्राप्त हुने बचत रकम स्वास्थ्य, शिक्षा, खेलकुद तथा सामाजिक क्षेत्रमा लगानी गरिने सह-संयोजक डोलराज पोखरेलले जानकारी दिनुभयो । करिब १ करोड ८० लाख रुपैयाँ खर्च अनुमान गरिएको यस प्रतियोगितालाई यस वर्ष अझ भव्य बनाउने तयारी गरिएको आयोजकको दाबी छ। प्रतियोगितामा विजेता टोलीले ६ लाख ६६ हजार ६ सय ६६, उपविजेताले ३ लाख ६६ हजार ६ सय ६६ र तेस्रो हुने टोलीले रु २ लाख ६६ हजार ६ सय ६६ प्राप्त गर्नेछन् । त्यसैगरी सर्वोत्कृष्ट खेलाडी र विधागत उत्कृष्ट खेलाडीहरूलाई नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।

# एलायन्स क्लवका अन्तर्राष्ट्रिय प्रेसिण्डेन्ट सक्सेना पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

एसोसियसन अफ एलायन्स क्लव अन्तर्राष्ट्रियका प्रेसिण्डेन्ट राजकुमार सक्सेनासहितको टोली पोखरा आएको छ।

शुक्रबार पोखरामा हुने क्लव डिष्ट्रिक १०५५ नेपालको शुभारम्भ सहित पदस्थापन कार्यक्रममा सहभागि हुन प्रेसिण्डेन्ट सक्सेना, फाउण्डर प्रेसिण्डेन्ट तिरुपति वुढाराजु, भाईस प्रेसिण्डेन्ट राजेश्वर राव, डिष्ट्रिक १०५ साउथ मल्टिपलका डिष्ट्रिक गभर्नर उषरानी अटलुर ीसहितको टोली बुधबार साँझ पोखरा आईपुगेको क्लवका प्रचार संयोजक पोषराज पौडेलले जानकारी दिए । टोलीलाई पोखरा क्षेत्रीय अर्न्तराष्ट्रिय विमानस्थलमा प्रस्तावित डिष्ट्रिक १०५५ का प्रस्तावित डिष्ट्रिक गर्भनर थिरबहादुर थापा, भाईस डिष्ट्रिक गर्भनर डा लक्ष्मण तिमिल्सीना, सिष्टर क्लवका चार्टर प्रेसिडेण्ट कल्पना थापा, चार्टर प्रेसिडेण्ट तारा पोखरेल, सिटी चार्टर प्रेसिडेण्ट कुन्दनराज शर्मा, घनश्याम ढुंगाना, शंकर खत्री, हरिबहादुर थापा, तोयानाथ अधिकारी लगायतले स्वागत




गरे । टोलीले बिहीबार पोखराका महत्वपुर्ण पर्यटकीय र धार्मिक स्थलको भ्रमण गर्यो ।अन्तराष्ट्रिय प्रेसिण्डेन्ट सक्सेनाले पोखरा पर्यटनको अद्भुत शहर भएको बताउँदै, एउटै स्थलमा प्राकृतिक, धार्मिक र साँस्कृतिक विविधता पाउनु र त्यसको अवलोकन गर्न पाउँदा खुशी लागेको बताए।

उनी सहितको टोलीले गरेको भ्रमणले पोखराको पर्यटन पर्वद्धनमा सघाउ पुर्याउने विश्वास क्लवले लिएको बताईएको छ । भारतको नयाँ दिल्लीमा मुख्य कार्यालय रहेको यस क्लवको पोखरामा शुभारम्भ सहित पदस्थापन हुन लागेको डिष्ट्रिक गभर्नर थापाले जानकारी दिए । शुक्रबार पर्स्याङ स्थित ताज महल ईभेन्ट सेन्टरमा हुने कार्यक्रमको सम्पुर्ण तयारी पुरा भएको र पोखरा बाहिरका सदस्य पनि पोखरा आई पुगेको डिष्ट्रिक गभर्नर थापाले बताए ।यो नेपालमा पहिलो पुर्ण डिष्ट्रिक हुने उनले जानकारी दिए।

कार्यक्रममा काठमाण्डौं, तनहुँ,कास्की लगायतका क्षेत्रबाट एलायन्स सदस्यले सहभागिता जनाउने छन् । पोखरामा पहिलो पटक गठन भएको सो क्लवलाई डिष्ट्रिक १०५ साउथ मल्टिपल स्पोन्सर गरेको छ।

मानविय तथा सामाजिक कार्यमा क्रियाशील क्लवको यस डिष्ट्रिक मार्फत पोखरामा करिव ४० वटा क्लव गठन गरिने पोखरा सिटी चार्टर प्रेसिडेण्ट कुन्दनराज शर्माले जानकारी दिए । क्लवले भारतका विभिन्न ठाउँमा जेष्ठ नागरिक केन्द्र, क्यान्सर केयर हस्पिटल, बालबालिका हेरचाह केन्द्र लगायतका सामाजिक सेवा संचालन गरेको छ।

# पोखरा महोत्सवमा आयोजित छेलो प्रतियोगिताको उपाधि निशानलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

पोखराको अमरसिंह खेल मैदानमा जारी १४ औं पोखरा महोत्सवमा आयोजित खुल्ला छेलो प्रतियोगिताको उपाधि लमजुङका निशान परियारले हात पारेका छन।

प्रतियोगितामा परियारले १४.३३ मिटर दूरी छेलो फाल्दै प्रथम स्थान हासिल गर्न सफल भएका हुन । त्यस्तै, स्याङ्जाका दुजिक थापाले १४.१३ मिटरको उत्कृष्ट प्रदर्शनसहित द्वितीय स्थान प्राप्त गरे भने पर्वतका युवराज गुरुङले १३.५९ मिटर छेलो फाल्दै तृतीय स्थान हासिल गरे।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयले क्रमश नगद ४०, २५ र १० हजार, मेडल र प्रमाणपत्र प्राप्त गरे। प्रतियोगितामा बिजयीहरुलाई महोत्सव आयोजक युनाईटेड क्लबका अध्यक्ष लोक बहादुर थापा, निवर्तमान अध्यक्ष राजु




श्रेष्ठ, क्लबका वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिना, कार्यसमिति सदस्यहरु गणेश खड्का, सन्तोष कार्की, प्रतियोगिताका संयोजक गज बहादुर गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए । अन्तिम चरणमा कास्की, पर्वत, स्याङ्जा र लमजुङ लगायत जिल्लाका ८ जना खेलाडीहरूको सहभागिता रहेको प्रतियोगितामा खेलाडीहरूले उत्साहजनक र प्रतिस्पर्धात्मक प्रदर्शन प्रस्तुत गरेका थिए । आयोजकका अनुसार यस्ता प्रतियोगिताले स्थानीय स्तरका खेलाडीलाई प्रतिभा प्रकट गर्ने अवसर मिल्नुका साथै परम्परागत खेलको संरक्षण र प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास लिइएको छ। त्यसैगरी महोत्सवमा आयोजित विद्यालय स्तरीय लोक नृत्य प्रतियोगितामा अन्जुली बो.ई., सूर्योदय इ.बो.ई. कास्की मोडनाइज्ड, शोसल पब्लिक स्कुल र अमरसिंह मावि (ई) फाइनलमा प्रवेश गरेका छन । र आयोजकको वाइल्ड कार्डबाट विभूती शिक्षा सदन फाइनलमा प्रवेश गरेको छ । फाइनल राउण्ड माघ १० गते हुने विद्यालय स्तरीय लोक नृत्य प्रतियोगिताका संयोजक विष्णु कुमार गुरुङले जानकारी दिए।

महोत्सव दशौं दिन सम्म आइपुग्दा दर्शकको उल्लेख्य सहभागीता रहेको छ। दर्शकको सहभागीता संगै महोत्सवमा राखिएका स्टलहरुको कारोबार समेत बढ्दो छ । महोत्सवमा बिहीबार लोकदोहोरी तर्फ अस्मिता अधिकारी, चोलेन्द्र पौडेल, कृष्ण गुरुङ, कुमार पुन, जगत गौडेल, पुजा गुरुङ, समिर पुन, साबित्री शाही ठकुरी लगायतको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए। साँझको लाइभ ब्याण्ड तर्फ जेम्सीको प्रस्तुतीमा युवाहरु झुमे । महोत्सवमा शुक्रबार लोकदोहोरी तर्फ सम्झना लामिछाने मगर र साँझको लाइभ ब्याण्डमा सबिन राईको प्रस्तुती रहने महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# नेसनल प्याब्सन कास्कीको विद्यार्थी अभिमुखीकरण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

गीता राणा केन्द्रीय अध्यक्ष रहेको नेसनल प्याब्सनको कास्की शाखाले विद्यार्थी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

विहिवार पोखरा २६ को नमस्ते प्यार्टी प्यालेसमा शैक्षिक सत्र २०८२ मा कक्षा १० अध्ययन गर्दै गरेका आफ्ना सदस्य विद्यालयका विद्यार्थीहरुका लागि अभिमु

खीकरण कार्यक्रम सम्पन्न गरेको हो । नेसनल प्याब्सन कास्कीका अध्यक्ष रोशन कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा संयुक्त राष्ट्र संघद्वारा मान्यता प्राप्त अन्तर्राष्ट्रिय बाल विकास कार्यक्रमका प्रशिक्षक उत्तम दाहालले विद्यार्थीहरुलाई



अध्ययनमा रुचि जगाउनका लागि अपनाउनु पर्ने तरिकाहरु, प्रगतिका बाधकहरु र तिनका समाधानका उपायहरु समेत वताउँदै अभिमुखीकरण कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गरेका थिए। अभिमुखीकरण कार्यक्रमको उद्घाटन समारोहमा बोल्दै पोखरा महानगरपालिकाका वरिष्ठ शिक्षा अधिकृत बद्रीनाथ सुवेदीले सिकाई प्रकृयालाई कसरी थप प्रभावकारी कसरी बनाउने भन्ने वारेमा मन्तव्य दिएका थिए। नेसनल प्याब्सनका केन्द्रीय बरिष्ठ उपाध्यक्ष तथा केन्द्रीय परीक्षा उपसमिति संयोजक ज्ञानेन्द्र मोहन भट्टराई, केन्द्रीय सहकोषाध्यक्ष शिवदत्त तिवारी,केन्द्रीय व्यवस्थापन उपसमिति संयोजक कमल रानाभाट लगायतले शुभकामना दिएका थिए।

इच्छुक सहभागीहरुले आआफ्ना प्रतिक्रिया राखेका थिए। कार्यक्रम सञ्चालन उपाध्यक्ष विकल पौडेलले गरेका थिए भने अध्यक्ष रोशन कोइरालाले कार्यक्रम माथि प्रकाश परेका थिए। उक्त अवसरमा नयाँ सदस्य विद्यालयहरुलाई सदस्यताको प्रमाणपत्र समेत प्रदान गरिएको थियो।

# बागलुङका ५५ मतदानस्थल अतिसंवेदनशील

**पोखरापत्र संवाददाता**
बागलुङ, ८ माघ

बागलुङमा आगमी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा ५० प्रतिशतभन्दा बढी मतदानस्थल अति संवेदनशील रहेको पाइएको छ।

दुई निर्वाचन क्षेत्र रहेको बागलुङमा रहेका १०७ मतदानस्थलमध्ये जिल्ला सुरक्षा समितिले गरेको अनुगमनका आधारमा ५५ मतदानस्थल अति संवेदनशील रहेको पाइएको छ। बागलुङमा कायम भएका १०७ मतदानस्थलमध्ये ५५ अति संवेदनशील, २४ संवेदनशील र २८ सामान्य रहेको जिल्ला सुरक्षा समितिका संयोजक एवं बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो।

बागलुङमा प्रतिनिधिसभाको निर्वाचनमा १०७ मतदानस्थल र २३० मतदान केन्द्र कायम गरिएको छ । जसमध्ये सुरक्षा संवेदनशिलता, मतदाताको सङ्ख्या, भौगोलिक विकटता, सडकको पहुँच, मतदानस्थलको पूर्वाधार र यस अघिका निर्वाचनको गतिविधिका आधारमा अति संवेदनशील, संवेदनशील र सामान्य गरी मतदानस्थललाई वर्गीकरण गरेर सुरक्षा व्यवस्था मिलाइएको प्रजिअ आचार्यले जानकारी दिनुभयो। निर्वाचनको समयमा सर्वसाधारणलाई असुरक्षित महसुस हुन नदिन जिल्ला सुरक्षा समिति र जिल्लाका सुरक्षा निकायले सबै तयारी गरिरहेको उहाँको भनाइ छ। निर्वाचनमा निर्वाचन प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र आवश्यक स्थानमा नेपाली सेनाले सुरक्षा दिने तयारी भइरहेको छ । यातायातका साधनको सरल पहुँच नभएको मतदानस्थलमा बैकल्पिक सुरक्षा व्यवस्था, यातयातको साधन लगायको व्यवस्था समेतमा थप ध्यान दिने प्रजिअ आचार्यले बताउनुभयो । यसपटकको निर्वाचनमा एक मतदानस्थल थप तथा र एक मतदान केन्द्र घटाएर १०७ मतदानस्थल र २३० मतदान केन्द्र कायम गरिएको हो। यस्तै दुई मतदानस्थललाई स्थानान्तरण गरिएको छ। बागलुङमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि कूल एक लाख ९३ हजार ३८१ मतदाता कायम भएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार ९४ हजार ८०६ पुरुष र ९८ हजार ५७४ महिला मतदाता छन्।

बागलुङका सबै उम्मेदवार योग्य

बागलुङका सबै उम्मेदवार योग्य ठहरिएका छन्। दुई निर्वाचन क्षेत्र रहेको बागलुङमा २३ जनाको उम्मेदवारी परेको छ। मनोनयनमा दाबी बिरोध गर्ने समयमा २३ जना विरुद्ध कुनै पनि उजुरी नआएपछि बागलुङका सबै उम्मेदवार योग्य ठहरिएका छन् । बागलुङबाट प्रतिनिधिसभाको दुई पदका लागि २३ जना चुनावमा होमिएको मुख्य निर्वाचन कार्यालयले जनाएको छ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त विवरणअनुसार मनोनयन दर्ता गराएका सबै उम्मेदवार योग्य भएपछि अब मनोनयन दर्ता फिर्तापछि मतपत्र छापिने छ । दुई प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको बागलुङमा मनोनयनपत्र दर्ता गरेका उम्मेदवार विरुद्ध उजुरी दिने समय तालिका भित्र कुनै उजुरी नपरेको सहायक निर्वाचन अधिकृत पूर्णप्रसाद शर्माले जानकारी दिनुभयो।

बागलुङ क्षेत्र नम्बर एकमा ११ दलका ११ जनाले उम्मेदवारी दिएका छन् भने बागलुङ क्षेत्र नम्बर २ मा १२ दलका १२ जनाले उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नं. १ मा नेपाल मानवतावादी पार्टीका भक्तबहादुर विक, राष्ट्रिय प्रजातन्त्र पार्टीका कल्याण आचार्य, मङ्गोल नेशनल अर्गनाइजेशनका गुमाकुमारी बुढा रानामगर, राष्ट्रिय स्वतन्त्र पार्टीका सुशील खड्का, नेपाल कम्युनिष्ट पार्टी एमालेका हिराबहादुर केसी, प्रगतिशल लोकतान्त्रिक पार्टीका चित्रप्रसाद सापकोटा, नेपाली कांग्रेसका भीमबहादुर श्रीस रानाले मनोनयन दर्ता गराएको सहायक निर्वाचन अधिकृत शर्माले जानकारी दिनुभयो।

नेशनल रिपब्लिक नेपालका सहविर थापा, राष्ट्रिय जनमोर्चा पार्टीका कृष्णप्रसाद शर्मा अधिकारी, श्रम संस्कृति पार्टीका लालबहादुर घर्ती र नेपाल कम्युनिष्ट पार्टी माओवादीका टेकबहादुर केसीले उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर दुईमा नेपाली कांग्रेसबाट टेकराज पौडेल, नेकपा (एमाले) बाट मञ्जु शर्मा चालिसे, नेपाली कम्युनिष्ट पार्टीबाट ज्ञामनाथ गैरे, राष्ट्रिय स्वतन्त पार्टीबाट सोम शर्मा, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता अञ्चल शाही, श्रम संस्कृति पार्टीका हर्कबहादुर पुन, नेकपा (माओवादी) का लोकेन्द्र घिमिरेले उम्मेदवारी दिनुभएको छ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका पदम कुँवर, नेपाल मानवतावादी पार्टीका टेकप्रसाद कामी, मङ्गो नेशलन अर्गनाइजेशनबाट जुनबहादुर थापामगर, जनता समाजवादी पार्टीका पूर्णबहादुर घर्ती र नेशनल रिपब्लिक पार्टीका नरबहादुर बुढाले उम्मेदवारी दर्ता गर्नुभएको निर्वाचन अधिकृत भीमप्रसाद सुवेदीले जानकारी दिनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावाडीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# नीति खोज्ने कि 'नायक' ?

नायक खोज्ने प्रवृत्तिले प्रश्नहरूलाई ओझेलमा पार्दै लगेको छ । नीतिको साटो अनुहार, कार्यक्रमको साटो नारा हाबी भएका छन् । यही प्रवृत्तिले अहिले निर्वाचनलाई नीतिगत बहसभन्दा पर धकेलिरहेको छ । निर्वाचन नीतिप्रधान, कार्यक्रममुखी र संस्थागत अभ्यासतर्फ फर्कन सकेन भने लोकतन्त्र केवल व्यक्तिहरूको उत्थान र पतनको खेलमा सीमित हुने खतरा छ । अहिले सबैभन्दा ठूलो खाँचो नागरिक चेतना हो । नागरिक समाज, मीडिया र स्वयं मतदाताले व्यक्तिको प्रशंसा वा विरोधमा सीमित नभई नीतिमाथि बहस गर्नुपर्ने समय हो । कसले के वाचा गरिरहेको छ, त्यो कति यथार्थपरक छ, विगतका घोषणापत्रमा गरिएका वाचा कति पूरा भए- यी सबैको सार्वजनिक समीक्षा आवश्यक छ ।

चुनावी प्रतिबद्धता नै छैन। नीति र कार्यक्रम नै स्पष्ट छैनन् । भोलि पाँच वर्षपछि नेताहरूलाई के आधारमा प्रश्न गर्ने ? झापा, काठमाडौं, सर्लाही, रुकुम जस्ता केही निर्वाचन क्षेत्रहरूमा चर्चित अनुहारबीचको प्रतिस्पर्धाले समाचार त पाउँछ । तर, सँगसँगै नीति कहाँ छ भन्ने प्रश्न हराइरहेको छ । अब घरदैलोमा आउने हरेक उम्मेदवारसँग हामीले सोध्नै पर्छ- तपाईंको नीति तथा कार्यक्रम के हो ? पाँच वर्षमा के-के गर्नुहुन्छ ? यस्ता प्रश्नले मात्र नेताहरूलाई जवाफदेही बनाउन सक्छ । नत्र त अनुहार फेरिन्छन्; तर प्रवृत्ति उही दोहोरिने अवश्यम्भावी छ । निर्वाचनमा उम्मेदवार दर्तासंगै राजनीतिक दलहरू चुनावमा भोट माग्न थालेका छन । पहिला दलको घोषणापत्र सार्वजनिक गरेर मतमाग्न जानुपर्नेमा पछि घोषणापत्र सार्वजनिक गर्दा नीतिगत बहस ओझेल परेको छ । कुन दलको उम्मेदवार कस्ता भन्ने छलफलले राजनीतिक वृत्त तरंगित छ । यसले जनजीविकासँग जोडिएका सवाल, नीतिगत प्रतिबद्धता र कार्यक्रमहरू ओझेलमा परेका छन् । चुनावी मुद्दा हराएका छन् । केवल नायक' को खोजी गरिंदो छ । यस्तो लहडमा मीडियालाई समेत सामाजिक सञ्जालका 'अल्गोरिदम' ले दौडाइरहेको देखिन्छ ।

लोकतान्त्रिक पद्धतिमा निर्वाचनको सौन्दर्य जनतासँग गएर उनीहरूका समस्यामाथि छलफल गर्नु, ती समस्यालाई घोषणापत्रमा समेट्नु र चुनावपछि तिनको कार्यान्वयनका लागि प्रतिबद्धता जनाउनु हो । विगतका निर्वाचनमा दलहरूले स्पष्ट नीतिहरू अघि सार्ने गर्थे । घोषणापत्रहरू सार्वजनिक हुन्थे, कार्यक्रममाथि बहस हुन्थ्यो र मतदाताले त्यसकै आधारमा घरदैलोमा आएका उम्मेदवारलाई प्रश्न सोध्थे । त्यस बमोजिम आफ्नो मत दिन्थे । अहिले भारतीय जनता पार्टीको नारा 'अब कि बार मोदी सरकार' नक्कल गर्दै मधेशमा 'अब कि बार बालेन सरकार' । 'अब कि बार गगन सरकार' जस्ता नाराहरू सुनिन थालेका छन् । संसदीय पद्धतिमा पनि प्रत्यक्ष प्रधानमन्त्री छान्ने भ्रम सिर्जना गरिरहेका छन् । ' आफ्नो गाउँ आफैं बनाऊँ' कार्यक्रम, वृद्ध भत्ता जस्ता सामाजिक सुरक्षा योजनाहरू अघि बढाएको नेकपा एमाले पनि प्रधानमन्त्री तोकेर गएको छ । नेपाली कांग्रेसबाट गगन थापालाई प्रधानमन्त्री घोषणा गर्दैछ । राष्ट्रिय स्वतन्त्र पार्टीबाट बालेन्द्र शाहलाई प्रधानमन्त्रीको घोषणा गरेको छ । नेपाली कम्युनिष्टपार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट घोषणाको तयारी छ । आजको राजनीति नीतिभन्दा नायकको खोजीतर्फ उन्मुख छ। व्यक्तित्वलाई आकर्षक रूपमा प्रस्तुत गर्ने, वाककला र सामाजिक सञ्जालबाट जनतालाई आकर्षित तुल्याउन सक्ने पात्रहरू नै केन्द्रमा छन् । तर, संस्थागत संरचना, नीति निर्माण र दीर्घकालीन कार्यक्रमबारे छलफल देखिंदैन ।

बहस व्यक्ति 'नायक' बन्ने वा नायक खोज्ने प्रवृत्तिले प्रश्नहरूलाई ओझेलमा पार्दै लगेको छ । नीतिको साटो अनुहार, कार्यक्रमको साटो नारा हाबी भएका छन् । यही प्रवृत्तिले अहिले निर्वाचनलाई नीतिगत बहसभन्दा पर धकेलिरहेको छ । निर्वाचन नीतिप्रधान, कार्यक्रममुखी र संस्थागत अभ्यासतर्फ फर्कन सकेन भने लोकतन्त्र केवल व्यक्तिहरूको उत्थान र पतनको खेलमा सीमित हुने खतरा छ । अहिले सबैभन्दा ठूलो खाँचो नागरिक चेतना हो। नागरिक समाज, मीडिया र स्वयं मतदाताले व्यक्तिको प्रशंसा वा विरोधमा सीमित नभई नीतिमाथि बहस गर्नुपर्ने समय हो। कसले के वाचा गरिरहेको छ, त्यो कति यथार्थपरक छ, विगतका घोषणापत्रमा गरिएका वाचा कति पूरा भए- यी सबैको सार्वजनिक समीक्षा आवश्यक छ। चुनावी प्रतिबद्धता नै छैन। नीति र कार्यक्रम नै स्पष्ट छैनन्। भोलि पाँच वर्षपछि नेताहरूलाई के आधारमा प्रश्न गर्ने? झापा, काठमाडौं, सर्लाही , रुकुम जस्ता केही निर्वाचन क्षेत्रहरूमा चर्चित अनुहारबीचको प्रतिस्पर्धाले समाचार त पाउँछ। तर, सँगसँगै नीति कहाँ छ भन्ने प्रश्न हराइरहेको छ । अब घरदैलोमा आउने हरेक उम्मेदवारसँग हामीले सोध्नै पर्छ- तपाईंको नीति तथा कार्यक्रम के हो? पाँच वर्षमा के-के गर्नुहुन्छ? यस्ता प्रश्नले मात्र नेताहरूलाई जवाफदेही बनाउन सक्छ। नत्र त अनुहार फेरिन्छन्; तर प्रवृत्ति उही दोहोरिने अवश्यम्भावी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : अप्रत्यसित लाभ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शत्रुको भय | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्वतका सबै उम्मेदवार योग्य

**पोखरापत्र संवाददाता**
पर्वत, ८ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पर्वतमा उम्मेदवारी दिएका कुनै पनि राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरु विरुद्ध उजुरी परेको छैन ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त विवरणअनुसार मनोनयन दर्ता गराएका सबै उम्मेदवार योग्य भएपछि अब मनोनयन दर्ता फिर्तापछि मतपत्र छापिने भएको छ । एक मात्रै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको पर्वतमा बुधबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता गरेका उम्मेदवार विरुद्ध उजुरी दिने समय तालिका तोकिएको थियो । मुख्य निर्वाचन अधिकृत वासुदेव पौडेलका अनुसार उम्मेदवार विरुद्ध उजुरी नपरेपछि १३ राजनीतिक दलका तथा चार स्वतन्त्र उम्मेदवारको नामावली प्रकाशन गरिएको छ। अब पर्वतमा मनोनयनपत्र दर्ता गरेका सबै उम्मेदवारबीच प्रतिस्पर्धा हुने भएको छ । पर्वतमा नेपाली कांग्रेसवाट अर्जुनप्रसाद जोशी, नेकपा (एमाले) बाट पदम गिरी, नेपाली कम्युनिष्ट पार्टीबाट मनहरि शर्मा र राष्ट्रिय स्वतन्त्र पार्टीबाट सागर भुसालले मनोनयनपत्रदर्ता गर्नुभएको थियो । यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दुर्गाबहादुर मल्ल, नेपालमजदुर किसान पार्टीवाट ऐलिना सुवाल, नेपाल कम्युनिष्ट पार्टी माओवादीबाट कृष्णबहादुर विक, आमजनता पार्टी (एकल चुनाव चिह्नबाट) पवित्रा मल्ल, राष्ट्रिय जनमोर्चावाट भीमलाल न्यौपाने, राष्ट्रिय जनमुक्ति पार्टीबाट मायापाईजा पुन फकामी मगर, उज्यालो नेपाल पार्टीबाट यमबहादुर चोचाङ्गी पुन, मङ्गोल नेशनल अर्गनाईजेशनबाट लालकुमारी थापा राना, नेशनल रिपब्लिक नेपालबाट वीरबहादुर गुरुङ मनोनयन पत्र दर्ता गर्नुभएको थियो ।

यसैगरी स्वतन्त्रबाट सीतादेवी शर्मा, सावित्रि शर्मा, मिना पौडेल शर्मा र गङ्गालाल रिमालले मनोनयन पत्र दर्ता गरेका थिए । शुक्रबार उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको जिल्ला निर्वाचन अधिकारी बुद्धिराम उपाध्यायले जानकारी दिनुभयो । पर्वतमा आगामी निर्वाचनका लागि एक लाख २५ हजार चार सय ६६ मतदाता, ७६ मतदानस्थल र १५१ मतदान केन्द्र तय गरिएको छ ।

# सुन्तलाले मनग्य मूल्य पाएपछि किसान उत्साहित

**रासस**
चितवन, ८ माघ

जिल्लामा सुन्तलाखेती गर्ने किसानले राम्रो मूल्य पाएपछि उत्साहित भएका छन् । विगतको तुलनामा यस वर्ष सुन्तलाले राम्रो मूल्य पाएपछि किसान उत्साहित भएका हुन् ।

जिल्लाको इच्छाकामना गाउँपालिका र भरतपुर महानगरपालिका- २९ मा सुन्तला खेती हुँदैआएको छ । इच्छाकामना गाउँपालिका-५ का किसान रामप्रसाद बोहोरा अहिले गत वर्षको तुलनामा सुन्तलाको मूल्य राम्रो पाएपछि खुसी हुनुहुन्छ । उहाँले भन्नुभयो "गत वर्षको तुलनामा यसवर्ष किसानले सुन्तलाको मूल्य पाएका छौं । खुसी छौं ।" गत वर्षमा मूल्य नपाउँदा निकै समस्या हुने गरेको भए पनि यसवर्ष बोटबाटै प्रतिकिकलो रु १०० भन्दा बढीमा बिक्री हुँदै आएको उहाँले बताउनुभयो। किसानले अहिले सुन्तलालाई ग्रेडिङ्ग (वर्गीकरण) गरेर बिक्री वितरण गर्दै आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो "आफ्नो वडाले मात्रै सुन्तलाबाट रु ६० लाख हाराहारी कमाएको छ। अझै सुन्तला बिक्री गर्न बाँकी छ।" कतिपय किसानले पहिलेनै बिक्री गरिसकेका छन् भने कतिपयको अझै बिक्री गर्न बाँकी रहेको उहाँले बताउनुभयो । माघ १५ गतेसम्ममा उत्पादित सुन्तला बिक्री भइसक्ने उहाँले बताउनुभयो । यस्तै भरतपुर महानगरपालिका-२९ चौकिडाँडाका किसान हिक्मत चेपाङ् अहिले सुन्तलाको मूल्य राम्रो पाएको भन्दै खुसी हुनुहुन्छ। उहाँहरुले चेपाङ कृषि समूह बनाएर समूहका सदस्यहरुले व्यावसायिक रुपमा सुन्तलाखेती गर्दै आउनु भएको छ । उहाँले भन्नुभयो "हामी सबैले धेरै थोर क्षेत्रफलमा सुन्तला खेती गरेका छौं। मूल्य पाएको छ । खुसी छौं ।" अहिले किसानको बारीबाटै व्यवसायीले सुन्तला उठाउने गरेको उहाँले बताउनुभयो । प्रतिकिलो रु १०० भन्दा बढीमा सुन्तला बिक्री भएको उहाँले बताउनुभयो । सुन्तलामा विषादी हाल्दा धेरै बचाउन सकिने तर प्राङ्गारिक उत्पादन गर्दा कम बच्ने भएकाले केही समस्या भए पनि अहिले मूल्य पाएकाले आफूहरु उत्साहित भएको उहाँको भनाइ छ। इच्छाकामना गाउँपालिका कृषि अधिकृत समीक्षा पौडेल व्यावसायिक किसानले सुन्तालालाई ग्रेडिङ्ग गरेर बिक्री गर्दै आएको बताउनुहुन्छ। उहाँका अनुसार सानो, मझौला र ठूलो गरेर छुट्याएर बिक्री गर्दै आएको छ ।

यसरी ग्रेडिङ् गरेर बिक्री गर्दा किसानले उचित मूल्य पाउन सफल भएको उहाँले बताउनुभयो ।

इच्छा कामना गाउँपालिकामा मात्रै यसवर्ष सुन्तला उत्पादनमा कमी आएको छ । उहाँका अनुसार ९२ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती गरिँदै आएको यस क्षेत्रमा यो वर्ष एक हजार दुई दशमलब आठ मेट्रिकटन सुन्तला उत्पादन भएको छ । उहाँले भन्नुभयो "गत वर्षको तुलनामा यो वर्ष सुन्तला उत्पादन घटेको छ ।" गत वर्ष एक हजार १२० मेट्रिकटन सुन्तला उत्पादन भएको उहाँले जानकारी दिनुभयो । सुन्तलाका रुख बुढो हुनु र जलवायु परिवर्तनका कारण रोग लाग्दा उत्पादनमा कमी आए पनि किसानले मूल्य भने राम्रो पाएका हुन् ।

पौडेलका अनुसार इच्छाकामना गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा १०८० मेट्रिक टन उत्पादन भएको थियो । २०८०/८१ मा केही उत्पादन घटेर १०३६ मेटिक टन उत्पादन भएको थियो । २०८१/८२ मा ११२० मेट्रिकटन र २०८२/८३ मा १००२.८ मेट्रिकटन उत्पादन भएको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ यहाँको सुन्तलाको स्वाद मिठो भएका कारण बजार पाउन गाह्रो छैन । उहाँले भन्नुभयो "यहाँको सुन्तलाको स्वाद राम्रो भएकाले नारायणगढ, मुग्लिन, फिस्लिङ, काठमाडौँ र पोखरामा माग उच्च छ । व्यवसायी बगैँचामै आएर खरिद गर्छन् ।" इच्छाकामनामा सुन्तला खेतीको सम्भावना प्रचुर रहेको भन्दै उहाँले गाउँपालिका सुन्तलाखेती प्रवर्द्धनमा लागिरहेको बताउनुभयो । उहाँले बीउबाट उत्पादित बिरुवा किसानलाई निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको बताउनुहुन्छ । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्र बस्नेत सन्तुलाका बोटमा लाग्ने रोग नियन्त्रणका लागि जैविकि औषधि, पुराना बोट हटाएर नयाँ बिरुवा रोप्ने कार्यक्रम, किसानलाई थप तालिम र अनुदान जस्ता कार्यक्रम गाउँपालिकाले अघि सारेको बताउनुहुन्छ । उहाँले भन्नुभयो "कृषि एम्बुलेन्सको व्यवस्था गरेर सुन्तला लगायतका कृषि उपजलाई बजारसम्म पुऱ्याउन पालिकाले सहयोग गर्दै आएको छ ।"

# नागढुंगा आमा समूह २५ औँ वर्षमा, योगदान पुर्याउने अग्रजहरुको स्मरण

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ



पोखराको नागढुङ्गा आमा समूह २५ औँ वर्षमा प्रवेश गरेको छ ।

सो अवसरमा समुहले केक काटेर जयन्ती मनाएको छ । समूहका पूर्व अध्यक्षहरू पवित्रा गिरी, कमला गिरी, कमला केसी बोगटी, पोखरा महानगरपालिका वडा नम्बर ९ का वडा सदस्य नन्दराम गिरी, समूहका सल्लाहकार दुर्गाराज गिरी, नागढुङ्गा टोल विकास संस्थाका अध्यक्ष विष्णुप्रसाद सुवेदी, नागढुङ्गा आमा समूहका संस्थापक सनमाया गुरुङ लगायतले संयुक्त रूपमा केक काटेर शुभकामना साटासाट गर्दै रजत जयन्ती मनाएका हुन् ।

रजत जयन्ती मनाउने क्रममा संस्थाले समूह स्थापना गर्दादेखि अहिलेसम्मका आरोह अवरोह स्मरण गरे । संस्था स्थापनामा स्वर्गीय गणेशमान पालिखे, स्व.भगवती राजभण्डारी, स्व.इमा गिरी लगायतले पुऱ्याएको योगदानको चर्चा गरियो । त्यसैगरी समूहका संस्थापक अध्यक्ष पवित्रा गिरीले संस्था स्थापना गर्दाका संघर्षहरूको स्मरण गर्दै स्थापना कालमा आफूहरूसँग हातेमालो गर्नुहुने समाजसेवी गुरुदत्त लामिछाने, मनुमाया लामिछाने, स्व.खिना लामिछाने लगायतको योगदान स्मरण गर्नुभयो ।

समूहका निवर्तमान अध्यक्ष कमला केसी, लक्ष्मी गिरी लगायतले आफ्ना कार्यकालमा भए गरेका गतिविधिको चर्चा गर्दै बर्तमान कार्यकालसँगै आगामी दिनहरूमा आमा समूहको यात्रा गतिशील बन्नेमा विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका जनप्रतिनिधि वडा ९ का सदस्य नन्दराम गिरीले नागढुङ्गाको ओरालो, भिरालो खेर गएको टुक्रो जमिनको उचित संरक्षण गर्दै आमा समूहले सुविधायुक्त भवन निर्माण गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । समूह यो अवस्थासम्म आइपुग्दा सहयोग गर्ने विभिन्न सहयोगीहरूलाई उहाँले कृतज्ञता जाहेर गर्नुभयो ।

संस्थाका अध्यक्ष कमला श्रेष्ठले आफूलाई यस समूहमा आबद्ध गराउन प्रेरणा प्रदान गर्नुभएका सनमाया गुरुङलाई धन्यवाद ज्ञापन गर्दै विगत लामो समयदेखि यो समूहमा आफ्नो आबद्धता र हालसम्मका क्रियाशीलताका बारेमा प्रकाश पार्नुभयो । आगामी दिनहरूमा समूहका सबै सदस्य एवं टोलका समाजसेवीहरूसँग हातेमालो गर्दै संस्थालाई एकताबद्ध तरिकाले अगाडि बढाउने उहाँले प्रतिबद्धता जाहेर गर्नुभयो । यसैबीच रजत जयन्ती समारोहकै अवसरमा समूहले अक्षय कोष स्थापनाको घोषणासमेत गरेको छ । अक्षय कोषका लागि एयरपोर्ट टोल विकास संस्थाका पूर्व अध्यक्ष समेत रहनुभएका समाजसेवी श्यामबहादुर श्रेष्ठले नगद रु. १० हजार प्रदान गर्दै अक्षय कोषको सुरुवात गर्नुभयो ।

समारोहमा आमा समूहका संस्थापक अध्यक्ष पवित्रा गिरी, संस्थापक सदस्य सीता गिरी, वडा सदस्य नन्दराम गिरीले पनि अक्षय कोषका लागि जनही पाँच/पाँच हजार सहयोग गर्ने घोषणा गर्नुभयो । सोही समारोहमा पोखरा महानगरपालिका वडा नम्बर ९ ले आयोजना गरेको तथा नागढुंगा आमा समूहले संयोजन गरेको धुप बनाउने दुई दिने तालिमका प्रशिक्षक गीता पगेनीलाई धन्यवाद सहित सम्मान गरिएको थियो । तालिममा समूहका झण्डै दुई दर्जन महिला सदस्यले सहभागिता जनाएका थिए । समूहका सचिव पुष्पा गिरीले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष सीमा लामिछानेले स्वागत मन्तव्य राख्नुभएको थियो ।

# मुक्तिपथ आधारभूत विद्यालयको भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ माघ

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ बिरौटामा रहेको मुक्तिपथ आधारभूत विद्यालयमा कक्षा कोठा भवन निर्माण भएको छ । अन्नपूर्ण गाउँपालिका र जर्मनको हिमालय 'फ्रेण्ड्स इभी'को आर्थिक सहयोगमा स्थानीय उपभोक्ताले श्रमदान गरेर चार कोठे कक्षाकोठा भवन बनाएका हुन् । कक्षाकोठाको साथै शौचालय पनि निर्माण भएको छ ।

अन्नपूर्ण गाउँपालिकाले गत आर्थिक वर्षमा रु २० लाख र चालु आर्थिक वर्षमा रु पाँच लाख ५० हजार बजेट विनियोजन गरेको उक्त भवन निर्माणका लागि जर्मन संस्थाले रु एक लाख ४९ हजार सहयोग गरेको वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो । यसअघि कक्षाकोठा भवन जीर्ण हुँदा पठनपाठनमा समस्या भएको थियो । कक्षा ३ सम्मको पठनपाठन हुने उक्त विद्यालयमा हाल १९ जना विद्यार्थी रहेका छन् ।

# लामाखेतमा धमाधम नदी नियन्त्रणको काम हुँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ माघ

लामाखेतमा नदी नियन्त्रणको काम सुरु भएको छ ।

पोखरास्थित सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले नदी कटान नियन्त्रणको काम थालेको हो । कुश्मा नगरपालिका-४ स्थित अर्मादी र जलजला गाउँपालिकाको लामाखेतमा १२९ मिटर लामो 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माणका लागि रु दुई करोड ९६ लाख ३४ हजार ८३७ मा निर्माण कम्पनीसँग ठेक्का सम्झौता भएको आयोजना कार्यालयका इन्जिनियर नरजङ गुरुङले बताउनुभयो । चालु आर्थिक वर्षभित्र कम्पोजिट पर्खाल निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ धमाधम काम भइरहेको बताउँदै उहाँले चालु आवमा लामाखेतसहित कालीगण्डकीको कटान जोखिममा रहेका पर्वत र मुस्ताङका छ स्थानमा नदी नियन्त्रण आयोजना कार्यान्वयन भइरहेका जानकारी दिनुभयो ।


Lost HorIzoN RESORT AND SPA

**LOST HORIZON PVT. LTD.**

**अधिकतम खुद्राबिक्रि मुल्य (MRP) प्रकाशनको सूचना**

यस लस्ट होराइजन प्रा. लि. ले India बाट पैठारी गरेको देहायको मालबस्तुको अधिकतम खुद्राबिक्रि मुल्य (MRP) निम्नबमोजिम भएको ब्येहोरा सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ|

| S. No. | Description of Goods | Type | Size | Brand | Country of Origin | Unit | MPR | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Two Door Upright Chiller | Chiller | Custom | MG Pro | India | PCS | 197,000 | |

**लस्ट होराइजन प्रा. लि.**

पोखरा-३१, नेपाल

एक्जिम कोड न. ६००५४७८६८८०१००NP

# तनहुँ, बागलुङ र पाल्पाका यी हुन् महिला उम्मेदवार

**पोखरापत्र संवाददाता**
तनहुँ, ८ माघ

राजनीतिक दलका नेताहरूले समावेशीतालाई आफूहरूले जोड दिएको बताए पनि व्यवहारमा त्यो पूर्ण रूपमा रुपान्तरण भएको छैन।

संविधानमा महिलालाई गरिएको व्यवस्था कार्यान्वयन नभएकाले आफूहरू मैदानमा उत्रिएको उनीहरूले बताएका छन्। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तनहुँबाट चार जना महिला प्रतिस्पर्धा गर्दै छन्। तनहुँका दुवै क्षेत्रमा २८ जनाको उम्मेदवारी परेकामा चार जना मात्रै महिला उम्मेदवार छन्। तनहुँ-१ मा १६ उम्मेदवारमध्ये तीन महिला र क्षेत्र नम्बर-२ मा १२ उम्मेदवारमध्ये एक जना महिला छन्।

मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद उपाध्यायले क्षेत्र नम्बर १ मा आमजनता पार्टीबाट भानु नगरपालिका-१२ की चिजामाया अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तर्फबाट भानु नगरपालिका-८ की भगवती न्यौपाने र नेपाल मजदुर किसान पार्टीबाट भक्तपुर नगरपालिका-४ निवासी रामलक्ष्मी दुवालको उम्मेदवारी दर्ता भएको राससलाई जानकारी दिनुभयो। यसैगरी क्षेत्र नम्बर-२ मा मङ्गोल अर्गनाइजेसन पार्टीबाट ऋषिङ गाउँपालिका-६ निवासी सुष्मा आलेको उम्मेदवारी दर्ता भएको छ। ढोरपाटन (बागलुङ)बाट रासस प्रतिनिधिले जनाएअनुसार दुई वटा निर्वाचन क्षेत्र भएको बागलुङमा २३ जनाको उम्मेदवारी परेको छ। तीमध्ये दुई जना मात्र महिला छन्। बागलुङ क्षेत्र नम्बर-१ बाट मङ्गोल नेशनल अर्गनाइजेशनकी गुमाकुमारी मगर र क्षेत्र नम्बर-२ बाट नेपाल कम्युनिष्ट पार्टी (एमाले)की मञ्जु शर्मा चुनावमा होमिनुभएको छ।

पाल्पामा पनि महिला उम्मेदवार एक जना मात्र छन्। दुई वटा निर्वाचन क्षेत्र भएको पाल्पामा ३० जनाले मनोनयन दर्ता गराएकामा एक जना महिलाको मात्र उम्मेदवारी परेको हो। राष्ट्रिय जनमोर्चाले क्षेत्र नं १ बाट नरमती सिंजालीलाई उम्मेदवार बनाएको छ। यसैबीच, नेपाल महिला सङ्घकी नेत्री गङ्गा पौडेलले महिला सशक्तीकरणका निम्ति राजनीतिक दलहरू गम्भीर नभएका आरोप लगाउनुभएको छ। पाल्पामा एक जना महिलाको मात्र उम्मेदवारी पर्नु दल र तिनका नेताको महिलाप्रतिको दृष्टिकोण नबदलिएको उहाँ बताउनुहुन्छ।

# मुस्ताङमा असी प्रतिशत निर्वाचन प्रहरी जिल्ला बाहिरका

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ माघ



आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी निर्वाचन प्रहरी भर्ना आवेदन माग गरिएकामध्ये यहाँ ८० प्रतिशत जिल्ला बाहिरका रहेका छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार हिमाली क्षेत्रको प्रतिकूल मौसमका बाबजुद जिल्ला बाहिरबाट उल्लेख्य सङ्ख्यामा युवायुवती निर्वाचन प्रहरीमा भर्ना हुन आएका छन्।

यसअघि जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपालको संयुक्त कार्यविधि २०८२ अनुसार यहाँ निर्वाचन प्रहरी छनोट, नियुक्ति तथा परिचालनका लागि योग्यता पुगेका नेपाली नागरिकबाट एकीकृत रूपमा दरखास्त आह्वान गरिएको थियो। जिल्ला प्रहरी कार्यालयमा माघ २ गतेसम्म आवेदन खुल्ला गरिएकामा आवश्यक सङ्ख्या नपुगेपछि थप दुई दिन समय थपिएको थियो।

यहाँ नेपाल प्रहरीलाई २६६ जना र सशस्त्र प्रहरी बल नेपाललाई ४६ जना गरी ३१२ जना निर्वाचन प्रहरी सङ्ख्या माग गरिएकामा ३२३ जनाले आवेदन दिएका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सन्तोष बस्यालले जानकारी दिनुभयो। यहाँ आवेदन दिन म्याग्दी, बाग्लुङ, पर्वत, धादिङ, रुकुम, रोल्पा र गोर्खालगायत जिल्लाबाट आएका उहाँले बताउनुभयो।

# दश वर्षको प्रतीक्षापछि आमाको नामबाट नागरिकता

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ८ माघ



बेनी नगरपालिका-७ का समिर खान र यास्मिन बेगमले एक दशकको प्रतीक्षापछि आमाको नामबाट नागरिकता प्राप्त गर्नुभएको छ।

जिल्ला प्रशासन कार्यालयले मङ्गलबार समिर र यास्मिनलाई आमा मनिरजा बेगमका नामबाट नागरिकता उपलब्ध गराएको हो। नागरिकताका लागि समीरले ११ वर्ष र यास्मिनले आठ वर्षअघि प्रशासनदेखि गृह मन्त्रालयसम्म सबै प्रक्रिया पूरा गरेर आवेदन पेस गर्नुभएको थियो। नागरिकता ऐन, २०६३ को दोस्रो संशोधन तथा नियमावलीको चौथो संशोधनपछि समीर र यास्मिनलाई आमाका नामबाट नागरिकता प्रदान गरिएको सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताउनुभयो।

समीर र यास्मिनका आमा मनिरजा नेपाली हुनुहुन्छ भने उहाँका श्रीमान् सलिम खान भारतको कलकत्ताका हुनुहुन्छ। ३४ वर्षअघि विवाह भए पनि मनिरजाले बेनीमा शृङ्गार व्यवसाय गर्दै आउनुभएको छ। श्रीमान् सलिमले भारतको नागरिकता त्यागिसक्नुभएको छ। उहाँले विसं २०५२ र २०६४ मा नेपालमा भएका निर्वाचनमा मतदानसमेत गरिसकेको बताउनुभयो। समीर र यास्मिनको साबिक अर्थुङ्गे गाविसमा जन्मदर्ता छ। दुवैले उच्च शिक्षा हासिल गरे पनि नागरिकता नपाएका कारण पेसा, व्यवसाय गर्न र जागिर खान तथा वैदेशिक रोजगारीमा जानबाट वञ्चित हुनुपरेको थियो। नागरिकता प्राप्त भएपछि बल्ल नागरिक भएको महसुस गरेको समीर र यास्मिनको प्रतिक्रिया छ। नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ राजपत्रमा प्रकाशन गरेसँगै नागरिकता ऐन २०६३ को व्यवस्था कार्यान्वयनमा आएको हो। यसअघि पुस २९ गते मालिका गाउँपालिका-५ देविस्थानकी २२ वर्षीया सीमा पुनलाई जिल्लामै पहिलोपटक आमाका नामबाट नागरिकता प्रदान गरिएको थियो।

# शुक्रबारदेखि मौसम बदली हुने

**रासस**
काठमाडौं, ८ माघ

पश्चिमी वायुको प्रभावका कारण शुक्रबार अपराह्नदेखि मौसम बदली हुने अनुमान गरिएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार मुख्यगरी नेपालको पश्चिम क्षेत्रमा मौसम बदली भई मध्यमसम्म वर्षा र हिमपात हुने जनाइएको छ। विभागका मौसमविद् डेबिट ढकालले माघ ९ र १० गते शुक्रबार दिउँसोदेखि पश्चिम नेपालबाट बादल लाग्न सुरु गर्ने जानकारी दिनुभयो। उहाँले त्यसपछि सुदुरपश्चिम क्षेत्रको थोरै स्थानमा हल्का वर्षा सुरु हुने जनाउनुभयो।

शुक्रबार राति देशैभरका उच्च पहाडी तथा हिमाली भूभागका केही ठाउँमा मध्यमसम्म हिउँ पर्ने सम्भावना छ। उहाँले पश्चिमी वायुको प्रभावले लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा तथा गण्डकी प्रदेशका थोरै स्थानहरूमा मेघगर्जनसहित मध्यम वर्षा हुने जानकारी दिनुभयो। साथै गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघगर्जनसहित असिनाको सम्भावना रहेको पनि ढकालले बताउनुभयो। शनिबार केही सुधार हुने भए पनि बदलीको असर देशभर देखिने र चिसो बढाउने विभागले जनाएको छ। मौसम बदलीको प्रभावले दैनिक जनजीवन, पर्यटन, स्वास्थ्य साथै हवाई तथा सडक यातायातमा प्रभाव पर्न सक्ने भएकाले महाशाखाबाट दैनिक जारी हुने अद्यावधिक मौसमी सूचनाको जानकारी लिन विभागले आज एक सूचना जारी गरी अनुरोध गरेको छ।

# २६ औँ आदर्श कप शुक्रबारदेखि पोखरामा सुरु हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ८ माघ

पोखरा-२९ भण्डारढिकमा रहेको आदर्श युवा क्लबको आयोजनामा शुक्रबारदेखि २६ औँ संस्करणको आदर्श कप फुटबल प्रतियोगिता २०८२ हुने भएको छ।

माघ १६ गतेसम्म भण्डारढिकको खेलमैदान (लेखनाथ रंगशाला) मा संचालन हुने प्रतियोगिताको उद्घाटन खेल भने कास्की ११ र नेपाल प्रहरी गण्डकी बिच खेल हुने भएको हो। उद्घाटन खेल शुक्रबार दिउँसो १२:३० बजे पछि हुने भएको आयोजक आदर्श युवा क्लबका अध्यक्ष पदम गुरुङले बताउनु भयो। प्रतियोगितामा दुई विभागीय टोली सहित आठ टिमको सहभागिता रहेको उहाँले जनाउनु भयो। प्रतियोगितामा आयोजक आदर्श युवा क्लब, कास्की, कास्की जिल्ला फुटबल संघ, तनहुँ जिल्ला फुटबल संघ, नेपाल प्रहरी (गण्डकी प्रदेश), सशस्त्र प्रहरी बल (मुक्तिनाथ बाहिनी मुख्यालय), म्याग्दी जिल्ला खेलकुद विकास समिति, गन्नी फुटबल क्लब (पर्वत) र होराइजन क्लब (वालिङ-स्याङ्जा) सहभागि हुने भएको क्लबका अध्यक्ष पदम गुरुङले बताउनु भयो। क्लबले खेल तालिका(टाई सिट) समेत शनिबार सार्वजनिक गरेको छ। माघ ९ गते हुने उद्घाटन खेलमा कास्की जिल्ला फुटवल संघ (कास्की ११) र नेपाल प्रहरी (गण्डकी प्रदेश ) बिच प्रतिष्प्रर्धा हुने भएको छ। प्रतियोगितामा विजेतालाई ४ लाख ९९ हजार ९ सय ९९ रुपैया नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ भने उपविजेतालाई ३ लाख ३३ हजार ३ सय ३३ रुपैया नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको हो। प्रतियोगितामा व्यक्तिगत विधातर्फ उत्कृष्ट खेलाडीलाई २५ हजार, सर्वाधिक गोलकर्ता, उत्कृष्ट प्लेमेकर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट गोलरक्षक र उत्कृष्ट प्रशिक्षकलाई जनही १५ हजार नगदसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिने भएको छ। प्रत्येक खेलको म्यान अफ दि म्याचलाई ५ हजार नगद र ट्रफी प्रदान गरिनेछ। साथै प्रतियोगिताको अनुशासित टोलीलाई विशेष ट्रफी र प्रमाणपत्रको व्यवस्था गरिएको छ। प्रतियोगिताको मुख्य प्रायोजक सुद्धोधन ४ रुपन्देहीमा रहेको फष्ट च्वाइस फुड्स लिमिटेड रहेको छ। प्रतियोगिता सम्पन्न गर्न करिब ६१ लाख खर्च हुने सचिव सन्तोष गुरुङले बताउनु भयो। प्रायोजकमा लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा सफल व्यवसायी छत्रधर आत्रेय, सह-प्रायोजक आदर्श हार्डवेयर, उप-प्रायोजक निट डेन्टल क्लिनिक र आईवा एजुकेसन कन्सल्टेन्सी रहेका छन्। यातायात खर्च प्रायोजकका रूपमा स्थानीय यातायात प्रा.लि. पोखरा रहेको छ। क्वार्टरफाइनल तथा सेमिफाइनल खेलको टिकट दर १०० र फाइनल खेलको टिकट दर २०० तोकिएको छ।

# तीन हजार विद्यार्थीको नि:शुल्क मुटु परीक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ८ माघ



बेनी नगरपालिकामा आज आयोजित मुटु परीक्षण शिविरमा तीन हजार २२ विद्यार्थीको मुटुको परीक्षण गरिएको छ।

हृदयरोग निवारण प्रतिष्ठान केन्द्रीय कार्यालय काठमाडौँको सहयोग र नेपाल हृदयरोग निवारण प्रतिष्ठान एकाइ म्याग्दीको आयोजनामा प्रकाश मावि बेनी र बेनी सामुदायिक माविमा विद्यार्थीको मुटुको परीक्षण गरिएको नेपाल हृदयरोग निवारण प्रतिष्ठान एकाइ म्याग्दीका अध्यक्ष रामजीप्रसाद सुवेदीले बताउनुभयो। शिविरमा एक सय विद्यार्थीको मुटुको भिडियो एक्स-रे (इकोकार्डियोग्राफी) मार्फत परीक्षण गर्दा तीन विद्यार्थीको मुटुको उपचार गर्नुपर्ने पाइएको उहाँले बताउनुभयो। शिविरमा एक सय शिक्षक, कर्मचारीलगायतको स्वास्थ्य परीक्षण गरिएको थियो। म्याग्दी जिल्लामा प्रतिष्ठानको एकाइ गठन भएपछि पहिलोपटक आयोजित शिविरमार्फत जटिल समस्या देखिएका विद्यार्थीको निःशुल्क उपचार गरिएको हो। मुटुरोग विशेषज्ञ डा प्रेमराज वैद्यसहित ६ चिकित्सक टोलीले बालमन्दिर मावि, जडभरत आधारभूत विद्यालय, म्याग्दी बहुमुखी क्याम्पस, हंसबाहिनी आधारभूत विद्यालय, जामुनाखर्क मावि, सरस्वती मावि तातोपानी, सरस्वती आधारभूत विद्यालय बगरफाँटका विद्यार्थीलाई लक्षितगरी शिविर सञ्चालन गरिएको हो।

बाथ रोगलाई हेल्चेक्रयाइँ गर्दा बालबालिकामा मुटुको समस्या देखिने गरेको डा वैधको भनाइ छ। शिविरको बेनी नगरपालिकाका शिक्षा शाखा प्रमुख क्षेत्रबहादुर भण्डारीले उद्घाटन गर्नुभएको थियो। सोही अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिकृष्ण श्रेष्ठ, प्रअ लेखबहादुर हमाललगायतको उपस्थिति थियो। हृदयरोग निवारण प्रतिष्ठान केन्द्रीय कार्यालय काठमाडौँका पूर्वअध्यक्ष दीपेन्द्र पुरुष ढकालले बालबालिकामा देखिनसक्ने जन्मजात तथा बाथ, मुटुरोगको समयमै पहिचान गरी उपचारमा सहयोग पुऱ्याउनका लागि विद्यार्थीको निःशुल्क मुटु परीक्षण गरिएको बताउनुभयो। म्याग्दीमा प्रतिष्ठानमार्फत ग्रामीण क्षेत्रमा शिविर सञ्चालन गर्ने योजना छ। आर्थिक अवस्था कमजोर भएका बिरामीको उपचारमा सघाउने प्रतिष्ठानका जिल्ला सचिव केशवप्रसाद रेग्मीले जानकारी दिनुभयो।

# गैर बैकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित २०८२/१०/९ गते**

यस पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्वामित्वमा रहेको तपशिल बमोजिमको घर जग्गा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले यस सहकारीबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी बापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा यस सहकारीको प्रधान कार्यालय, बुद्धचोक, पोखरामा लिलाम बिक्री गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्धारा आव्हान गरिन्छ। यस सहकारी समक्ष प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठ) औं दिनमा सो दिन बिदा भएमा त्यस लगतै कार्यालय खुल्ने दिन तपशिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधिलाई यसै सूचनाद्धारा सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन। तोकिएको दिन विदा परेमा सोको भोलि पल्ट दिनको १ बजे बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा छलफल गर्ने सम्पूर्ण अधिकार यस सहकारीमा सुरक्षित रहनेछ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त बिषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सहकारीको प्रधान कार्यालय बुद्धचोकमा सम्पर्क गर्नुहोला।

तपशिल

बोलपत्र खुल्ने मिति : २०८२/१०/१८ गते आइतबार।
समय : दिनको १ बजे।
स्थान : संस्थाको प्रधान कार्यालय बुद्धचोक, पोखरा कास्की।

तपशिलः

| सि.नं. | जिल्ला | गा.बि.स. | वडा नं. | सिट नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कास्की | शिशुवा हाल पोखरा -२९ | २ | ० | ७८४६ | ०-४-०-३ | जग्गा |
| | | | | ९४११२६०१ | ३३५७ | २-०-०-० | जग्गा |
| २ | कास्की | देउराली | ४ | ०९४१२५३ | ३८१ | ६-४-२-२ | जग्गा |
| | | हाल रुपा ५ | ५ | ०९४११७३ | ९४९ | १-३-०-० | जग्गा |
| ३ | तनहुँ | उदेनढुङ्गा | ४ | ४ग | १२७३ | ०-३-०-० | जग्गा |
| | तनहुँ | उदेनढुङ्गा | ४ | ४ग | १२७५ | ०-२-०-१ | जग्गा |
| | तनहुँ | ढोरफिर्दी | १ | १घ | ४८९ | ०-३-३-३ | जग्गा |
| | तनहुँ | ढोरफिर्दी | १ | १घ | ४९१ | ०-०-२-० | जग्गा |
| ४ | तनहुँ | जामुने | ९ | ९क | २८५ | २-०-०-० | जग्गा |
| ५ | तनहुँ | धवादी पार्वतीपुर | ८ | ८घ | ३२ | ५-०-१-३ | जग्गा |
| ६ | तनहुँ | ढोरफिर्दी | ३ | ३क | २५८३ | ०-६-१-३ | घरजग्गा |

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com